सिलीचोङ गाउँपालिका उपाध्यक्ष श्री देविता राईज्युले पेश गर्नु भएको बजेट बक्तब्य

२०८३|०३|१०

२०८३|०३|१९

आ.व.२०८३।०८४

सिलीचोङ गाउँपालिकाको आ.व. २०८३/०८४ को बजेट बक्तब्य

सभामा प्रस्तुत मिति:२०८३।०३।१०
सभामा स्विकृत मिति२०८३।०३।१०

श्रद्धेय सभाअध्यक्ष ज्यू,
सम्मानित सभाका सदस्यज्यूहरु,

यस गरिमामय गाउँसभाको १९ औं अधिवेशनमा सिलीचोङ गाउँपालिकाको उपाध्यक्षको श्रद्देय अध्यक्ष ज्यूले १९औं अधिवेशनको पहिलो बैठकमा पेश गर्नुभएको नीति तथा कार्यक्रम, पालिकाले अख्तियार गरेको आवधिक योजना तथा पालिकाले लिएका समृद्धिका संकल्पहरु पुरा गर्नका लागि आ.व. २०८३/०८४ को बजेट तथा कार्यक्रम यस गरिमामय सभासमक्ष प्रस्तुत गर्न पाउँदा अत्यन्तै खुशी लागेको छ।

सर्वप्रथम म यस अवसरमा देश र जनताको लागि बिभिन्न काल खण्डमा भएका राजनैतिक आन्दोलनका क्रममा जिवन उत्सर्ग गर्नु हुने सम्पुर्ण ज्ञात अज्ञात सहिदहरु प्रति भावपुर्ण श्रद्वान्जली अर्पण गर्दछु ।

गाउँपालिकाको सर्वाङ्गिण बिकासमा देखिएका समस्या एवं चुनौतीलाई यसै बजेट मार्फत संघीय सरकार, प्रदेश सरकार तथा अन्य संघ संस्थाहरुको समन्वय, सहकार्यमा संवोधन गर्नु पर्ने आवश्यक ठानेकी छु ।

भौतिक विकास,सामाजिक विकास,संस्थात विकास,बहुआयमिक समृद्धि र सुशासन तथा सामाजिक समानता र सामाजिक न्याय कायम गर्न लक्षित हुनेछ ।

बजेट तर्जुमा गर्दा नेपालको संबिधान, हाल सालै निर्माण गरिएको आवधिक योजना, मध्यमकालिन खर्च संरचना, दिगो बिकास लक्ष्य, स्थानीय सरकार सञ्चालन ऐन २०७४, गाउँपालिका भित्र रहेका स्थानीय टोल टोल बाट संकलित माग तथा सम्पुर्ण स्थानीयहरुको माग तथा आपेक्षा, राजनैतिक दलहरुको प्रमुख तथा प्रतिनिधीरु, बुद्धिजिवीहरु, संघ संस्था, समाज सेवी, सञ्चार कर्मी तथा बुद्धिजिवीहरुको राय सुझावको आधारमा बनाईएको छ ।

आगामि आर्थिक वर्षको बजेट तर्जुमा गर्दा सिलीचोङवासीहरुको आपेक्षलाई संबोधन गर्ने र बिगतमा देखिएका समस्यहरुलाई हटाई जनतामा आशा भरोशाको संचारलाई ब्यवस्थित गर्ने, राजनैतिक दल, कर्मचारी प्रशासन, संघ संस्था, निजी क्षेत्र, नागरिक समाज, बिकास साझेदार, सञ्चार जगत र आमनागरिकहरुको सहयोग र ऐक्यवद्दताबाट बिद्यमान चुनौती सामना गर्दै बजेटले लिएको लक्ष्य हासिल गर्न सकिने विश्वास लिईएको छ ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अब, म चालु आ.व. २०८२/८३ हालसम्मको प्रगति समिक्षा सहित संक्षिप्त वित्तिय प्रगति विवरण पेश गर्न चाहान्छु।

१. चालु आर्थिक वर्षमा बजेट स्वीकृत गर्दा रु.४४,८०,९४,०६०/- जम्मा अनुमान गरिएकोमा हालसम्म जम्मा रु.३७,७५,३९,६६८.०८/-प्राप्त भएको छ ।

२. चालु आर्थिक वर्षमा हालसम्म चालु र पूजिगत गरी रु. २३,८९,३७,४१६.३६/-( ५३.१८) खर्च भएको छ। चालु तर्फ रु. १७,८३,०३,७९२.३६/- ( ६२.९८ प्रतिशत ), पूजिगत तर्फ रु. ६,०६,३३,६२४.००/- ( ३६.४९ प्रतिशत ) खर्च भएको छ ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अब, म सिलीचोङ गाँउपालिकाको अवसर तथा चुनौतीहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

<u>अवसरहरु:</u>

१. संघीय सरकार र प्रदेश सरकारको वित्तीय हस्तानान्तरण सहित आन्तरिक श्रोतको उपलब्धता छ ।

२. संविधानले अनुसूची ८ र ९ अनुसार अधिकार दिइएको छ ।

३. इच्छाशक्ति सहितको जनप्रतिनिधि तथा राष्ट्रसेवक कर्मचारीको उपलब्धता छ ।

४. सूचना प्रविधिको प्रयोग क्षमतामा विकास हुँदै गएको छ ।

५. नागरिकको साथ सहयोग हौसला र उर्जारहेको छ ।

६. उपभोक्ता निर्माण व्यवसायी सरकारी तथा गैह्र सरकारी संघ संस्थाको साझेदारी छ ।

७. प्राकृतिक सम्पदा तथा स्रोत साधानले भरिपूर्ण छ ।

<u>चुनौतिहरु:</u>

१. जटिल भौगोलिक बनावट तथा एकीकृत वस्तिको अभाव छ ।

२. मानव संशाधन विकासको अवस्था कमजोर छ ।

३. भौतिक पुर्वाधार विकासको अवस्था प्रयाप्त छैन ।

४. बढ्दो बसाइसराई तथा युवा जनशक्तिको विदेश पलायनको हुँदै गएको अवस्था छ ।

५. खेतियोग्य उत्पादनशील भूमिको अभाव छ । ।

६. परम्परागत सोच र शैली, व्यवहार मनोभावना र प्रवृत्ति विद्यामान छ ।

श्रद्धेय सभाअध्यक्ष ज्यू,
सम्मानित सभाका सदस्यज्यूहरु,

अब, म सिलीचोङ गाँउपालिकाको आगामि बजेटको प्राथमिकता तथा लक्ष्य र उदेश्यहरु सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

**बजेटका मुख्य प्राथमिकताः**

- भौतिक पुर्वाधारमा विकासमा लगानी ।
- सामाजिक विकास (स्वास्थ्य तथा शिक्षामा ) लगानी ।
- सार्वजनिक प्रशासन र सार्वजनिक सेवा तथा क्षमता विकासमा लगानी ।
- लैगिक समानता तथा सामाजिक समावेशीकरण ।
- लैगिक तथा सामाजिक समावेशीकरण ।
- कृषि तथा पशु विकासमा जोड
- सामाजिक सुरक्षा तथा संरक्षण ।

**बजेटका लक्ष्य तथा उदेश्यः**

आगामि आ.व.को बजेट समृद्ध सिलीचोङ निर्माणतर्फ परिलक्षित रहि देहायका क्षेत्रहरुलाई बजेट प्राथमिकताका आधारमा बजेटको लक्ष्य र उदेश्य तय गरिएको छ ।

- भुगोल सुहाउदो गुणस्तरीय भौतिक पूर्वधार निर्माण गर्ने ।
- गुणस्तरीय शिक्षा तथा स्वास्थ्य प्रदान गर्ने ।
- दिगो, समाबेशी उच्च आर्थिक बृद्धि गर्ने ।
- रोजगार सिर्जना गरि जिवनस्तर सुधार ल्याउने ।
- गाउँपालिका द्धारा प्रदान गर्ने सेवामा आमनागरिकहरुको पहुँच बृद्धि गर्ने ।
- सामाजिक समानता तथा न्याय कायम गर्ने ।
- कृषिमा आधुनिकीकरण गरी कृषकको जिवनस्तरमा सुधार ल्याउने ।

श्रद्धेय सभाअध्यक्ष ज्यू,
सम्मानित सभाका सदस्यज्यूहरु,

अब, म पालिकाले तय गरेका लक्ष्य र उदेश्यहरु तथा तय गरिएका नीति तथा कार्यक्रमहरु हासिल गर्नका लागि देहायका सुधार प्रस्ताव सम्मानित सभा समक्ष प्रस्तुत गर्दछु ।

१. ठुला तथा बहुबर्षिय दिर्घकालिन गौरवको योजना निरन्तर रुपमा संचालन गर्ने ।
२. दायित्व सार्नुपर्ने प्रकृतिका ठुला गौरवका आयोजनाहरुलाई निरन्तरता दिने ।
३. वातावरणमैत्री,अपाङ्गतामैत्री, पोषणमैत्री,बालमैत्री,महिलामैत्री स्थानीय शासन कार्यक्रमलाई निरन्तरता दिने ।

४. फोहोरमैला व्यवस्थापनका लागि फोहोरमैला व्यवस्थापन केन्द्रको स्थापना गरी सिशाजन्य लगायत फोहोरमैला व्यवस्थापन गर्ने ।

५. क्षेत्रगत रुपमा विभिन्न व्यक्ति तथा संस्थालाई प्रोत्साहन र सम्मान कार्यक्रम संचालन गर्ने ।

६. सामाजिक सुरक्षा तथा संरक्षण सम्बन्धी बिभिन्न कार्यक्रम तथा शिविरहरु संचालन गर्ने ।

७. अपाङ्गता भएका व्यक्ति तथा विपन्न परिवारहरुप्रति लक्षित गरी स्वास्थ्य विमा,निशुल्क दन्त उपहार तथा अन्य कार्यक्रमहरु गर्ने ।

८. शैक्षिक उन्नति तथा गुणस्तरमा कार्यान्वयनका लागि दिर्घकालिन शैक्षिक योजनाको कार्यान्वयन गर्ने,दिगो पूर्वाधार निर्माणमा जोड दिने र प्रधानाध्यापक तथा शिक्षकहरुको क्षमता विकास कार्यक्रम संचालन गर्ने ।

९. कृषिको आधुनिकिकरण तथा व्यवसायिकरण गर्न आवश्यक कार्यक्रम संचालन गर्ने ।

१०. सबै प्रकारका सुरक्षा रणनीति तथा सुशासन व्यवस्थापनमा जोड दिने ।

११. पदमार्ग निर्माण पर्यटन प्रवर्दन कार्यक्रममा जोड दिने ।

१२. पदाधिकारी तथा कर्मचारीको क्षमता विकास सम्बन्धी कार्यक्रमहरु संचालन गर्ने ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्यज्यूहरु,**

अब,म नेपालको संविधानको धारा ६० मा उल्लेखित संवैधानिक व्यवस्थाअनुसार सिलीचोङ गाउँपालिकाको आ.व. २०८३/८४ मा प्राप्त वित्तीय हस्तानान्तरण तथा आन्तरिक श्रोत अनुमानित अल्या र अनुमानित राजश्व संकलन सम्बन्धी विवरण पेश गर्न चाहान्छु ।

**अन्तरसरकारी वित्तीय हस्तानान्तरण तथा आन्तरिक श्रोतको अनुमानित आयको विवरण**

| विवरण | | रकम | कैफियत |
|---|---|---|---|
| संघ | समपुरक | २१८००००० | २ करोड १८ लाख रुपैयाँ |
| | सशर्त अनुदान चालु | १६०५००००० | १६ करोड ५ लाख रुपैयाँ |
| | सशर्त अनुदान पुँजी | १३६००००० | १ करोड ३६ लाख रुपैयाँ |
| | समानिकरण अनुदान | १०२६००००० | १० करोड २६ लाख रुपैयाँ |
| | राजश्व बाँडफाँड | ९९५३१००० | ९ करोड ९५ लाख ३१ हजार रुपैया रुपैयाँ |
| | विषेश अनुदान | १३५००००० | १ करोड ३५ लाख रुपैयाँ |
| प्रदेश | समानिकरण अनुदान | ९००८००० | ९० लाख ८ हजार रुपैयाँ |
| | सवारी साधन करको बाँडफाड | ८७८१७२१ | ८७ लाख ८१ हजार ७ सय २१ रुपैयाँ |
| | समपुरक | १६०००००० | १ करोड ६० लाख रुपैयाँ |
| | सशर्त अनुदान पुँजी | ५८६००००० | ५८ लाख ६० हजार रुपैयाँ |

| | | | |
|---|---|---|---|
| | सशर्त अनुदान चालु | १२४०००० | १२ लाख ४० हजार रुपैयाँ |
| आन्तरिक श्रोत | अघिल्लो आ. व. को अनुमानित अल्या | ३१५७०३२० | ३ करोड १५ लाख ७० हजार ३ सय २० रुपैयाँ |
| | राजश्व अनुमान | ३०००००० | ३० लाख रुपैयाँ |
| **जम्मा अनुमानित आय** | | **४८६९९१०४१** | **४८ करोड ६९ लाख ९१ हजार ४१ रुपैयाँ** |

<u>सामाजिक सुरक्षा तर्फ</u>

अब, म चालु आ व को सामाजिक सुरक्षा भत्ता अन्तर्गतको प्रस्तावित अनुमान पेश गर्न अनुमति चाहान्छु ।

प्रस्तावित अनुमान रु. ६ करोड ५० लाख रुपैयाँ गरिएको छ ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्यज्यूहरु,**
अब,म क्षेत्रगत रुपमा आगामी आ.व. २०८३/८४ को बार्षिक बजेट प्रस्तुत गर्न चाहान्छु ।

१. पूर्वाधार विकास तर्फ रु.१० करोड ६९ लाख ५० हजार रुपैयाँ विनियोजन गरेको छु ।
२. सुशासन तथा संस्थागत विकास ( सार्वजनिक सेवा तथा क्षमता विकास ) तर्फ रु.८ करोड ८ लाख ४२६ रुपैयाँ ।
३. सामाजिक विकास तर्फ रु.५करोड २० लाख १६ हजार ३३३ रुपैयाँ विनियोजन गरेको छु ।
४. आर्थिक विकास तर्फ रु. १ करोड २३ लाख ७४ हजार २७९ रुपैयाँ विनियोजन गरेको छु ।
५. वन वातावरण तथा विपद् व्यवस्थापन तर्फ रु.३० लाख रुपैयाँ विनियोजन गरेको छु ।

संघिय सरकार र प्रदेश सरकारबाट वित्तीय हस्तान्तरण भएका (शसर्त, समपुरक र विशेष अनुदान अन्तर्गतको) श्रोतगत जम्मा तपशिल बमोजिम खर्च हुने गरी संघिय सरकार र प्रदेश सरकारले नै तोकिएको शर्तमा कार्यान्वयन गर्ने गरी विनियोजन गरेको छु ।

| क्र. स. | कार्यक्रम | वित्तिय हस्तान्तरण गर्ने सरकार | विनियोजित रकम रु. |
|---|---|---|---|
| १ | समपुरक अनुदान | संघ | २१८०००००० (२ करोड १८ लाख रुपैयाँ) |
| २ | सशर्त अनुदान चालु | | १६०५००००० (१६ करोड ५ लाख रुपैयाँ) |
| ३ | सशर्त अनुदान पुँजी | | १३६००००० (१ करोड ३६ लाख रुपैयाँ) |
| ४ | विषेश अनुदान | | १३५००००० (१ करोड ३५ लाख रुपैयाँ) |
| ५ | समपुरक | प्रदेश | १६०००००० (१ करोड ६० लाख रुपैयाँ) |
| ६ | सशर्त अनुदान पुँजी | | ५८६०००० (५८ लाख ६० हजार रुपैयाँ) |
| ७ | सशर्त अनुदान चालु | | |
| जम्मा | | | २३२५०००००० (२३ करोड २५ लाख रुपैयाँ ) |

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**

**सम्मानित सभाका सदस्यज्यूहरु,**

अब,म आगामि आर्थिक वर्षको बजेटको मुख्य-मुख्य क्षेत्रगत कार्यक्रम र विनियोजन प्रस्तुत गर्ने अनुमति चाहान्छु ।

आर्थिक विकासः आर्थिक विकास क्षेत्रमा देहायबमोजि खर्च गर्ने गरी १ करोड २३ लाख ७४ हजार २७९ रुपैयाँ प्रस्ताव गरेको छु।

१. लालीगँरास पदमार्गमा आधारित पर्यटन विकास कार्यक्रमलाई अघि बढाउन लागि रु.३० लाख बजेट विनियोजन गरेको छु ।
२. पर्यटन प्रवर्दन गर्नका लागि विभिन्न पदमार्ग निर्माण तथा आवश्यकता थप पर्यटकीय गन्तव्यसम्म पुग्नका लागि आवश्यक बजेट विनियोजन गरेको छु ।
३. उद्यमशिलता विकास तथा पकेट विकास कार्यक्रमका लागि थप आवश्यक बजेट व्यवस्था गरेको छु ।
४. सहकारी संस्थाहरुको क्षमता विकास, कोपोमिस(COPMIS )लगायत तालिम संचालनका लागि थप आवश्यक बजेटको व्यवस्था गरेको छु ।
५. कृषिको व्यवसायिकरण तथा कृषकको जीवनस्तर उकास्नका लागि कृषि तथा पशु विकासतर्फ आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

सामाजिक विकासः सामाजिक विकास क्षेत्रमा देहायबमोजि खर्च गर्ने गरी रु.१ करोड २३ लाख ७४ हजार २७९ रुपैयाँ प्रस्ताव गरेको छु।

१. जेष्ठ नागरिक दन्त उपहार कार्यक्रम तथा ख वर्गका अपाङ्गता भएका व्यक्ति तथा निजको परिवारको लागि स्वास्थ्य विमा अनुदान कार्यक्रम संचालनको लागि आवश्यक १० लाख खर्च हुने गरी व्यवस्था मिलाएको छु ।
२. सामुदायिक विद्यालयको शैक्षिक उन्नयनका शिक्षकलाई क्षमता विकास तालिम तथा दिगो पूर्वाधार निर्माणका लागि थप आवश्यक बजेटको व्यवस्था मिलाएको छु ।
३. सिलीचोङ अध्यक्ष कप तथा सिलीचोङ ट्रेल रेस कार्यक्रम तथा विविध खेलकुद गतिविधि संचालन गर्नका लागि रु. २५ लाख ५० हाजार खर्च हुने गरी बजेट व्यवस्था गरेको छु ।

<u>पुर्वाधार विकास:</u> पुर्वाधार विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी रु.१० करोड ६९ लाख ५० हजार रुपैयाँ बजेट प्रस्ताव गरेको छु ।

१. गत वर्षको दायित्व भुक्तानी अन्तर्गत श्री बखलटुम बेलिब्रिज निर्माण योजना तथा श्री ५ नम्बर वडा कार्यालय भवन निर्माण योजना सम्पन्न गर्ने गरी रु. २ करोड ३० लाख खर्च हुने गरी बजेट विनियोजन गरेको छु ।
२. पालिका गौरवका योजना बेलिब्रिज निर्माण तथा बहुआयमिक व्याटमिन्टन कवर्डहल भवन निर्माणका लागि २ करोड २५ लाख खर्च हुने गरी बजेट व्यवस्था गरेको छु ।
३. संघिय तथा प्रदेश साझेदारी कोष अन्तर्गतको कोषमा १ करोड २५ लाख विनियोजन गरेको छु ।
४. गाउँपालिकाको वडा बजेट सिलिङ तथा गाउँपालिका अन्तर्गतको विभिन्न पूर्वाधार निर्माण सम्बन्धी योजना तथा कार्यक्रमहरुको लागि ४ करोड ८९ लाख ५० हजार खर्च हुने गरी आवश्यक बजेट व्यवस्था मिलाएको छु ।

<u>सुशासन तथा संस्थागत क्षमता विकास:</u> सुशासन तथा संस्थागत क्षमता विकास क्षेत्रमा देहायबमोजिम खर्च गर्ने गरी रु.८ करोड ८ लाख ४२६ रुपैयाँ बजेट प्रस्ताव गरेको छु ।

१. गाउँपालिका,वडा कार्यालय, स्वास्थ्य संस्था लगायत सम्पूर्ण पालिका मातहतका संस्थाहरुमा दैनिक प्रशासनिक सेवा प्रवाह लगायत प्रशासन संचालन गर्न राष्ट्रसेवक कर्मचारीहरुलाई हतोत्साहित नहुने नेपाल सरकार तथा प्रदेश सरकारले निर्धारण गरेबमोजिम नै तलब तथा भत्ताको लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।
२. सुशासन तथा पारदर्शिता कायम गर्न, सार्वजनिक सुनुवाई, सार्वजनिक परीक्षण, परामर्श सेवा कानून निर्माण र कानून संग्रह प्रकाशन, सूचना संचार र संप्रेषण गर्न बजेट विनियोजन गरेको छु ।
३. पदाधिकारी तथा कर्मचारीको क्षमता विकास, विभिन्न सप्टवेयर निर्माण तथा नवीकरणको लागि आवश्यक बजेटको व्यवस्था गरेको छु ।

<u>वन वातावरण तथा विपद व्यवस्थापन:</u> वन वातावरण तथा विपद् व्यवस्थापन शिर्षकमा देहायबमोजिम क्षेत्रमा रु. ३० लाख खर्च गर्ने गरी बजेट प्रस्ताव पेश गरेको छु ।

१. आगलागी तथा विपदबाटबाट प्रभावितहरुको आवास निर्माण,विपद् प्रभावित व्यक्ति तथा परिवारलाई आवश्यक पुनर्लाभ राहत अनुदान तथा विपद सामग्री खरिद गर्नका लागि आवश्यक बजेट व्यवस्था गरेको छु ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्यज्यूहरु,**
आर्थिक वर्ष २०८३/८४ को आर्थिक विधेयक तथा विनियोजन विधेयक यसै साथ प्रस्तुत गरेको छु ।

**श्रद्धेय सभाअध्यक्ष ज्यू,**
**सम्मानित सभाका सदस्यज्यूहरु,**

अन्त्यमा, प्रस्तुत बजेट तर्जुमाका विभिन्न चरणहरुमा प्रत्यक्ष तथा अप्रत्यक्ष रुपमा सहभागी भई सहयोग पुर्याउनुहुने सम्पूर्ण गाउँपालिका वासी आमा-वुवा तथा आम नागरिकहरुमा हार्दिक धन्यवाद दिन चाहान्छु। उपयुक्त बजेट कार्यान्वयनमा सदाझै सम्पूर्ण पालिकावासी एवम् सम्वद्द सबै पक्षहरुबाट रचनात्मक सल्लाह सुझाव सहयोग एवम् सृजनात्मक आलोचना र पृष्ठपोषण प्राप्त हुने अपेक्षा लिएको छु ।

**धन्यवाद**

देविता राई
उपाध्यक्ष
जय सिलीचोङ
मितिः२०८३।०३।१०